त्रिभुवन विश्वविद्यालय
व्यवस्थापन संकाय, डीनको कार्यालय
त्रि.वि. कीर्तिपुर ।

# लिलाम सम्बन्धी सूचना

(प्रकाशित मिति २०७८।०४।१८

यस संकायमा रहेको पुरानो मोटरसाईकल, मेसिन, औजार, इलेक्ट्रोनिक्स सामान तथा फर्निचर र फनिसिङ्ग लगायतका विविध सामान र उपकरणहरु जहाँ जे जस्तो अवस्था छ सोही अवस्थामा लिलाम बिक्रि गर्नुपर्ने भएकोले कुनै व्यक्ति वा संस्थाका तर्फबाट रीतपुर्वकको शिलबन्दी बोलपत्र दाखिला गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिन १२:०० बजे यस कार्यालयको प्रशासन शाखामा दर्ता गर्नुहुन आह्वान गरिन्छ । यदि अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न सकिने छ । बोलपत्र फाराम कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडको चल्ति खाता नं. ०४५००१०००९९०६६००००१मा रु ३००।- (तीन सय मात्र) जम्मा गरी सोको बैंक भौचर लेखा शाखामा बुझाएपछि यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुने छ । लिलाम विक्रि गर्ने सामानहरु यस कार्यालयको हाताभित्र मिति २०७८।०४ ।१८ देखि मिति २०७८।०५ । ०१ गते दिनको १२:०० बजे देखि ३:०० बजे सम्म अवलोकन गर्न सकिनेछ। म्याद भित्र दर्ता नभएका तथा रीत नपुगेका बोलपत्र उपर कुनै कार्यबाही गरिने छैन। दर्ता गर्ने अन्तिम दिनको ०१:०० बजेपछि बोलपत्र यसै कार्यालयमा खोलिने छ । विस्तृत जानकारीका लागि यस कार्यालयको प्रशासन शाखा कीर्तिपुरमा सम्पर्क राख्नु होला ।